मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

विषयः "रामजानकी बहुउद्देश्यीय रंगशाला" निर्माणका लागि नेपाल सरकारसँग बजेट सहायता माग गर्ने सम्बन्धमा।

प्रस्ताव पेस गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति : २०८३/०४/१९

**१. विषयको संक्षिप्त बेहोरा :** मधेश प्रदेशको राजधानीमा राष्ट्रिय स्तरको कुनै पनि रंगशाला नरहेकोले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता आयोजना गर्न तथा खेलकुद क्षेत्रको विकास तथा समृद्धिको लागि नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको च.नं. १३१३, मिति २०७५।०१।२० को पत्रबाट आसन्न मित्र राष्ट्र भारतका महामहिम प्रधानमन्त्रीज्यूको भ्रमणको अवसरमा औपचारिक तथा अनौपचारिक द्वीपक्षीय सहयोग सम्बन्धी हुने छलफलका क्रममा नेपाली खेलकुद जगतलाई भारतीय सहयोग तथा मायाको चिनोका रुपमा रामजानकी रंगशाला निर्माण सहयोगका लागि अनुरोध भएको व्यहोराको पत्र प्र.म. कार्यालय र परराष्ट्र मन्त्रालयमा अनुरोध पठाएको देखिन्छ। तत् पश्चात मिति २०७५।०१।२८ का दिन मित्र राष्ट्र भारतका महामहिम प्रधानमन्त्रीज्यूबाट जनकपुरधाम भ्रमणको क्रममा जनकपुरधामको विकासको लागि रु. १०० करोडको सहयोग उदघोष भए पश्चात मधेश प्रदेश सरकारले मिति २०८०।०८।१० को मन्त्रीस्तरीय निर्णय अनुसार यस रंगशालालाई मधेश प्रदेशको गौरवको कार्यक्रम रुपमा घोषणागरी रामजानकी बहुउद्देश्यीय रंगशालाको निर्माणका लागि मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालय र गुठी संस्थानबीच जनकपुरधाम उ.म.न.पा. १४ स्थित कित्ता नं. १,१४,२८,५०,६९,८१ र ८३ को क्षेत्रफल (१६-१७-१९-१) जग्गा लिज सम्झौता भएको छ। सो रंगशाला निर्माणको लागि आर्थिक वर्ष २०८३/०८४ को मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा कार्यक्रममा समेत योजना समावेश भएको छ। यस रंगशालाको मास्टर पलान तथा प्रारुप डिजाईन तयारगरी सोको कुल अनुमानित लागत रु. नौ अर्व पच्चीस करोड आएको देखिन्छ। प्रदेश सरकारसँग स्रोत अभाव रहेको कारण रामजानकी बहुउद्देशीय रंगशालाको प्रथम चरण (क्रिकेट स्टेडियम, फुटबल, कबर्ड हल, टेबुल टेनिस कोर्ट) को कार्य रु. २,७५,२५,९८,३३६/५९ (अक्षरुपी दुई अर्व पचहत्तर करोड पच्चिस लाख अंठान्वे हजार तीन सय छत्तिस रुपैया र पैसा उनन्साठि) को लागि भारत सरकारसँग माँग गर्न नेपाल सरकारलाई पुन: अनुरोध गर्ने।

**२. प्राप्त परामर्श तथा अन्य प्रासांगिक कुरा :** प्रकरण १ मा उल्लेखित विषयका साथै मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयको प.सं. २०८२/०८३ च.नं. ३०२४ मिति २०८२।०९।०४ र अर्थ मन्त्रालयको प.सं. २०८१/०८२ च.नं. ४९७ मिति २०८१।०९।०५ को पत्रानुसार "रामजानकी बहुउद्देशीय रंगशाला" निर्माणको लागि मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश गर्न सहमति प्राप्त भएको।

**३. प्रस्ताव पेस गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस :** मधेश प्रदेश सरकारसँग स्रोत अभाव रहेको कारण स्रोत व्यवस्थापनको लागि नेपाल सरकारसँग बजेट सहायता माग गर्न मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयका माननीय मन्त्रीज्यूबाट मिति २०८३।०४।१९ मा विभागीय स्वीकृति प्राप्त भएकोले मधेश प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८० को अनुसूचि १ को विषय संख्या १८ बमोजिम यो प्रस्ताव तयार गरिएको।

**४. निर्णय हुनुपर्ने बेहोरा :** यसै साथ संलग्न "रामजानकी बहुउद्देश्यीय रंगशाला" निर्माणको लागि आवश्यक पर्ने बजेट भारत सरकारसँग माग गर्न नेपाल सरकारलाई पुन: अनुरोध गर्ने।

२०८३।४।१९
..............................
(ओम राज ढुंगाना)
प्रदेश सचिव

मिति : २०८३/०४/१९

ओम राज ढुंगाना
प्रदेश सचिव

श्री प्रदेश सचिव,
भौतिक पूर्वाधार विकास मन्त्रालय,
मधेश प्रदेश, जनकपुरधाम ।

"रामजानकी बहुउद्देश्यीय रंगशाला" निर्माणका लागि आवश्यक पर्ने बजेट भारत सरकारसँग माग गर्न नेपाल सरकारलाई पुनः अनुरोध गर्ने विषयको भौतिक पूर्वाधार विकास मन्त्रालयको नं. ८/२-०८३/०४/१९ को प्रस्ताव प्र.मं.प.बै.सं. १५।०८३ मिति २०८३।०४।१९ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा मधेश प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन मधेश प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८० को नियम २३(१) बमोजिम अनुरोध गरेको छु ।

<u>प्रदेश सरकारको निर्णय</u> –
"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(शोभाकान्त पौडेल)
प्रमुख सचिव
२०८३।०४।१९